मिति-२०८०/०१/१७

## प्रेस विज्ञप्ती

श्री शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था, कौशलटार, भक्तपुरका बचतकर्ता सदस्यहरुले बचत रकम फिर्ता नपाएको, संस्थाको विभिन्न ठाउँमा रहेका सेवा केन्द्रहरु समेत नियमित रुपमा सञ्चालन नभएको, संस्थाका सञ्चालक तथा कर्मचारीहरु बचतकर्ता सदस्यहरुको नियमित सम्पर्कमा नरहेको लगायतका कारणले आफ्नो बचत रकमको सुरक्षाको प्रत्याभूतिको माग गर्दै विभागमा लिखित तथा मौखिक उजुरी गर्नुभएको छ । यस विषयका सन्दर्भमा संस्थाका बचतकर्ताहरुबाट सिधै वा विभिन्न सेवा केन्द्रहरु तथा जिल्ला प्रशासन कार्यालयहरु मार्फत विभागमा उजुरी निवेदनहरु आउने क्रम जारी रहेको छ । गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा), जिल्ला प्रशासन कार्यालय, मकवानपुर, जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा र जिल्ला प्रशासन कार्यालय, कैलाली समेतबाट बचतकर्ताहरुले रकम फिर्ता नपाएकोले आवश्यक कारवाही अगाडी बढाउन लेखी आएको छ। यस समस्याको गाम्भिर्यतालाई मध्यनजर गर्दै सहकारी विभागले प्रचलित कानूनको परिधिभित्र रही यस सम्बन्धमा हालसम्म तपसिलका कार्य गरेको व्यहोरा जानकारी गराईन्छ ।

१. यस विभागको मिति २०७९/११/०८ को निर्णयानुसार संस्थाका सञ्चालक समिति सदस्यहरु, निवर्तमान अध्यक्ष र व्यवस्थापकलाई निगरानीमा राखी निजहरुलाई विदेश भ्रमणमा रोक लगाउन गृह मन्त्रालय (मिति २०७९/११/०८ च.नं. ८५१ को पत्रमार्फत) र अध्यागमन विभाग (मिति २०७९/११/०८ च.नं. ८५२ को पत्रमार्फत)लाई लेखी पठाइएको । साथै निजहरुको तथा संस्थाको नाममा नेपालभर रहेका सम्पूर्ण घरजग्गाहरु रोक्का राख्न भूमि व्यवस्थापन तथा अभिलेख विभाग (मिति २०७९/११/०८, च.नं. ८५४ को पत्रमार्फत) मा लेखी पठाइएको र बैंक खाता रोक्का राख्न नेपाल राष्ट्र बैंकलाई (मिति २०७९/११/०८, च.नं. ८५५ को पत्रमार्फत) लेखी पठाइएको ।
२. संस्थाको विभिन्न सेवा केन्द्रहरुमा कार्यरत कर्मचारीहरुले कारवाही गरी पाउँ भनी यस विभागमा पेश गरेका उजुरी निवेदनका आधारमा विभागको मिति २०७९/११/१७ को निर्णयानुसार शिखर अर्गनाईजेशनका निर्देशक तथा तुलसी बहुमुखी सहकारी संस्थाको वर्तमान अध्यक्ष र शिवशिखर बहुउद्देश्यीय सहकारी संस्थाको निवर्तमान अध्यक्ष केदारनाथ शर्माको श्रीमती गीता शर्माका सम्बन्धमा सहकारी ऐन २०७४ को दफा १२९ बमोजिम अनुसन्धान अघि बढाउन मिति २०७९/११/१७ च.नं. ९२० को पत्रमार्फत श्री महानगरीय प्रहरी परिसर टेकु काठमाडौंलाई लेखी पठाईएको ।

३. विभागको मिति २०७९/११/१८ को निर्णयानुसार संस्थाका सञ्चालक समितिसदस्यहरु , निवर्तमान अध्यक्ष केदारनाथ शर्मा, निजकी श्रीमती गीता शर्मा र व्यवस्थापक लिलानाथ गौतमका सम्बन्धमा सहकारी ऐन २०७४ को दफा १२९ बमोजिम अनुसन्धान अघि बढाउन मिति २०७९/११/१८ च.नं. ९३९ को पत्रमार्फत श्री केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज, काठमाडौंलाई लेखी पठाईएको ।

४. मिति २०७९/१/१२ गते संस्थाको तर्फबाट प्रतिनिधित्व गर्न अधिवक्ता शिवराम तिमिल्सिना (प्रमाण पत्र नं १०६१९) लाई आवश्यक अख्तियारी प्रदान गरी कानून व्यवसायी नियुक्त गरेको जानकारी विभागलाई प्राप्त भएको ।

५. संस्थाको सबै सेवा केन्द्रको कूल बचत दायित्व, प्रवाह भएको ऋण लगानी तथा सम्पत्ती विवरण पेश गर्न अधिवक्ता शिवराम तिमिल्सिना मार्फत संस्थालाई जानकारी गराईएको ।

६. मिति २०८०/१/१२ गते केदारनाथ शर्माको श्रीमती गीता शर्मा विभागमा उपस्थित भई संस्थाको समस्या समाधानका लागि आफ्नो एकलौटी तथा संयुक्त नाममा दर्ता भएका कम्पनीहरु, सो कम्पनीमा लगानी भएको शेयर र उल्लेखित कम्पनीहरुको नाममा रहेको चल अचल सम्पत्तीहरु समेतबाट बचतकर्ताहरुको बचत तथा शेयर रकम तिर्ने बुझाउने प्रयोजनका लागि दिन मन्जुर छु भनी कागज गरेको । साथै पति केदारनाथ शर्मालाई १० दिनभित्र विभागमा उपस्थित गराई बचतकर्ताहरुको बचत तथा शेयर रकम फिर्ता गराउने कार्यमा सहयोग गर्नेछु भनी कागज गरेको ।

७. केदारनाथ शर्मा र गीता शर्मा र निजहरुको स्वामित्वमा रहेका विभिन्न संस्थाको नाममा रहेका जग्गा धनी प्रमाण पुर्जाहरु, कम्पनीका शेयर लगतको प्रतिलिपीहरु नोटरी पब्लिकबाट प्रमाणित गराई विभागमा पेश हुन आएको छ । उल्लेखित कागजातहरुका आधारमा खुल्न आएका चल अचल सम्पत्ति, शेयर लगायतका कारोबार रोक्का राख्न सम्बन्धित निकायमा पत्राचार गर्न तयारी भएको । थप प्राप्त हुन आएका सम्पत्तीहरुको विवरणका आधारमा क्रमश रोक्का राख्ने प्रक्रिया सुचारु रहने ।

८. संस्थाका बचतकर्ताको बचत फिर्ता सम्बन्धमा केदारनाथ शर्मा लगायत संस्थाका संचालकहरु विभागमा सम्पर्क गर्न आएपछी केन्द्रीय अनुसन्धान ब्यूरो तथा अन्य सम्बन्धित निकायसँग आवश्यक समन्वय र थप छलफल गरी प्रभावकारी रुपमा बचत फिर्ता गराउने सम्बन्धमा थप कारवाही अगाडी बढाईनेछ ।

९. यस प्रक्रियाबाट आफ्नो बचतको सुरक्षाप्रति चिन्तित सम्पूर्ण सदस्यहरुमा विचलित नभई समस्या समाधानका लागि सहयोग गर्न विभाग विनम्र अनुरोध गर्दछ । यस सम्बन्धमा आगामी दिनमा हुने प्रगतिका बारे नियमित रुपमा सार्वजनिक गरिने व्यहोरा समेत अनुरोध छ ।

२०८०/१/१८
सूचना अधिकारी